नेपाल सरकार

गृह मन्त्रालय

श्री सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा. भैरहवा,रुपन्देही ।

आर्थिक प्रशासन शाखा

# पुराना जिन्सी सामानहरु र सवारी साधनहरुको लिलाम बिक्रि सम्बन्धी सिलबन्दी बोलपत्र आहवानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/१२/२९ गते)

श्री सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हे.क्वा.रुपन्देही अवस्थित रहेका तपसिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामान तथा सवारी साधनहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति,फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित सर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | विवरण | परिमाण | दर मु.अ.कर बाहेक | न्युनतम जम्मा मुल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | यामाहा मोटरसाईकल | १ | | ३२००/- | १०००/- | नामसारी नहुने |
| | पुराना जिन्सी सामानहरु | | | ७३२०९/- | | |
| जम्मा रकम रु. | | | | ७६४०९/- | | |

बोलपत्र फाराम कोष तथा लेखा नियन्त्रक कार्यालय भैरहवा, रुपन्देही सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हे.क्वा.रुपन्देहीबाट प्रथम पटक सुचना प्रकासित भएको मितिले ७ औ दिन(मिति २०७८/०१/०४ गतेको) कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ ।बोलपत्र फाराम ८ औ दिन(मिति २०७८/०१/०५ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हेक्वा.रुपन्देहीमा दर्ता गराई सक्नुपर्ने छ ।दाखिला भएका बोलपत्र फारामहरु सोहि दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ ।बोलपत्र फाराम बिक्रि दाखिला र खोलिने दिन कारण बस सर्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ ।बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको दश (१०) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल नेपाल नं.२७ गणको कार्यालय कोड नं. ३१४०५४८०२ को कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कृषि बिकास बैंक शाखा कार्यालय भैरहवाको धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ मा नगदै दाखिला गरी सोको सक्कले भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत(बैंक ग्यारन्टी) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।स्विकृती बोलपत्र दाताले बोलपत्र स्विकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर (तेह्र) प्रतिशत समेत थपगरि जम्मा हुन आउने रकम दाखिला गरी पुराना सवारी साधन तथा जिन्सी सामानहरु उठाई लैजानु पर्ने छ ।बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोल पत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफतगरी परचालित कानुन बमोजिम कारवाही गर्ने छ ।उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०७१५०६२७/९८५१२७२१४४ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ ।यस सम्बन्धि सुचना सशस्त्र प्रहरी बल नेपालको Web Site -www.apf.gov.np मा समेत राखिएको छ ।